## सातौ गाउँसभा तथा बजेट अधिवेशनमा सभा सदस्य श्री शोभाराज विश्वकर्माद्धारा प्रस्तुत

# बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७७

(बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बनधमा व्यवस्था गर्न बनेको ऐन)

## असार १०, २०७७

## बंगलाचुली गाउँपालिका

## कमिरेचौर, दाङ

## अध्यक्ष महोदय एवं सदस्यज्यूरु,

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिकाको गरिमामय सातौ गाउँसभामा आर्थिक वर्ष २०७७/०७८ का लागि आवश्यक विनियोजन विधेयक, २०७७ प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली एवं घाईते अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै हाल कोभिड-१९ माहामारीबाट देश विदेशमा मृत्यु हुने नेपाली दाजुभाई दिदिबिहिनीहरुमा हार्दिक श्रद्धान्जली तथा सङ्क्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

## अध्यक्ष महोदय,

**अब म** बंगलाचुली गाउँपालिकाको सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७७ प्रस्तुत गर्न गइरहेको छु।

# बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७७

१. **प्रस्तावनाः** बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ कोउपधारा (२) बमोजिम बंगलाचुली गाउँसभाले यो ऐन बनाएको छ ।

२. **आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु.५१,६३,१६,३१०.००।- (एकाउन्न करोड त्रिसठ्ठी लाख सोह्र हजार तिन सय दश) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त बंगलाचुली गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ निवियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | वित्तिय समानिकरण | ० | १००७८२ | ० | १००७८२ |
| २ | | राजश्व बाँडफाँड | ६५००० | ३९८८४ | ० | १०४८८४ |
| ३ | | शसर्त अनुदान | २७६६५० | २०००० | ० | २९६६५० |
| ४ | | आन्तरिक श्रोत | ० | १४००० | ० | १४००० |
| जम्मा | | | ३४१६५० | १७४६६६ | ० | ५१६३१६ |

अध्यक्ष महोदय,

बंगलाचुली गाउँपालिकाको सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७६ छलफल गरियोस भन्ने प्रस्ताव यस सम्मानीत सभा समक्ष पेश गर्दछु ।

धन्यवाद

विधेयक प्रस्तुतकर्ता

नामः- शोभाराज विश्वकर्मा

पदः-वडा सदस्य

मितिः- २०७७/०३/१०